आज मिति २०८२ साल पुस महिनाको ०७ गतेका दिन निस्दी गाउँपालिका गाउँ कार्यपलिकाको ९८ औं बैठक गाउँपालिकाको अध्यक्ष श्री मुक्त बहादुर सारु ज्यूको अध्यक्षतामा बसी देहाय अनुसारका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

उपस्थितिहरु :-

१. अध्यक्ष श्री मुक्त बहादुर सारु

२. उपाध्यक्ष श्री तिरन कुमारी श्रेष्ठ

३. सदस्य श्री यम बहादुर राना

४. सदस्य श्री फत्ते सिं दर्लामी

५. सदस्य श्री नविन्द्र थापा सोती

६. सदस्य श्री सन्तविर सुनारी

७. सदस्य श्री दुर्गा बहादुर सोमै

८. सदस्य श्री मेख बहादुर सुनारी

९. सदस्य श्री मुक्त बहादुर पाटा

१०. सदस्य श्री हेम कुमारी सुनारी

११. सदस्य श्री देवीसरा सोमै

१२. सदस्य श्री मिम्श्री बयम्बु

१३. सदस्य श्री खुमीसरा पुलामी

१४. सदस्य श्री रिकलाल कामी

१५. सदस्य श्री खुम बहादुर वि.क.

१६. सदस्य सचिव श्री पूर्ण बहादुर चितौरे

अन्य सहयोगी कर्मचारी

प्रशासकीय अधिकृत श्री अर्जुन खनाल

लेखा अधिकृत श्री सरोज काफ्ले

का.स.श्री लाल बहादुर खन्गाहा

**<u>मिति २०८२। ०९।०७ गते बस्ने निस्दी गाउँपालिकाको ९८ औं गाउँ कार्यपालिका बैठकको प्रस्तावहरु</u>**

१ .गत कार्यपालिकाको निर्णय , एकिकृत घुम्ति शिविरको समिक्षा तथा रिपोटिङ्ग सम्बन्धमा।

२. निस्दी गाउँपालिकाको १९ औं अधिवेशन (हिउँदे) सम्वन्धमा।

३. आ व २०८३/०८४ को लागि संघिय समपुरक आयोजना संचालनको लागी अनुमति माग सम्वन्धमा।

४. विविध।

**मिति २०८२।०९।०७ गते बसेको निस्दी गाउँपालिकाको ९८ औं गाउँ कार्यपालिका बैठकको निर्णयहरु**

१. प्रस्ताव नं १ माथि छलफल गर्दा गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समिक्षा गरियो । गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनमा गएको पाइयो । वडाका वडा अध्यक्ष ज्यू तथा कार्यपालिका सदस्य ज्यूहरुबाट पेश भएको, जनगुनासो र जनगुनासोको सम्वोधन गर्ने सम्बन्धी विषय र एकिकृत घुम्ति शिविरको प्रतिवेदन माथि समिक्षा गरियो ।

| सेवाको प्रकार | वडा नं १ | वडा नं २ | वडा नं ३ | वडा नं ४ | वडा नं ५ | वडा नं ६ | वडा नं ७ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| योजना सम्झौता | १३ | ९ | १२ | ६ | १० | ४ | ८ | ६२ |
| पेश्की वितरण | १ | - | २ | - | २ | ३ | २ | १० |
| व्यवसाय दर्ता | १ | १ | - | - | १ | १ | ० | ४ |
| व्यवसाय नविकरण | ३ | ३ | ११ | - | २३ | १७ | ५ | ६२ |
| माटो परिक्षण | ४ | ० | १२ | १५ | १० | ५ | १७ | ६३ |
| अपांग परिचयपत्र वितरण | १ | - | २ | ४ | - | १ | - | ८ |
| जेष्ठ नागरिक सम्मान | ४७ | ४३ | ४२ | ५६ | ३८ | २९ | २९ | २८४ |
| खशी बोका प्रदर्शनी | - | ३ | - | - | ३ | २ | ४ | १२ |
| पशु स्वास्थ्य औषधि वितरण | २८२२/११७ परिवार | १९४७/८७ | ३११४/९० | २३६०/११६ | ३८३५/१६१ | २६१९/१२१ | २९८३/१५७ | ८४९ परिवार |
| सामान्य स्वास्थ्य परिक्षण | ९६ | १०३ | १०८ | १२८ | २३३ | १५२ | २५२ | १०७२ |
| स्वास्थ्य औषधि वितरण | ८४ | ८१ | ९१ | ११७ | २३३ | १४१ | २५१ | ९९८ |
| वैदेशिक रोजगार अभिमुखिकरण | ३० | ३० | ३० | ३६ | ४६ | ३० | ३० | २३२ |
| रक्त समुह परिक्षण | ७९ | ८६ | ९१ | १२० | १९२ | १४३ | १०७ | ८१८ |
| कृषि प्रदर्शनी | १४ | ३१ | १० | ५८ | ४४ | २६ | ३६ | २१९ |
| आयुर्वेद औषधि वितरण | १३० | ८५ | ८६ | ४६ | १६३ | १०४ | १७८ | ७९२ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| संस्था नविकरण | १ | - | - | - | १ | - | ५ | ७ |
| भू - बर्गिकरण निवेदन | १९ | १ | ४९ | - | १०९ | ० | ४१ | २१९ |
| बौद्दिक प्रतियोगिता संचालन विधालय | ७ | ५ | ५ | ८ | ८ | ४ | ८ | ४५ |
| जेष्ठ नागरिक परिचयपत्र वितरण | १४ | १९ | ० | २९ | ३२ | ४९ | ८ | १५१ |
| जम्मा शिविर आगमन | १९८ | १६० | १७२ | २९२ | ३८९ | २३२ | ३७५ | १८१८ |

२. प्रस्ताव नं २ माथि छलफल गर्दा निस्दी गाउँपालिकाको गाउँ सभाको १९ औं अधिवेशन (हिउँदे) मिति २०८२/०९/२५ गते शुक्रवार १ बजे बहुउद्देश्यीय सभाहलमा आह्वान गर्ने सर्वसम्मत निर्णय गरियो । अधिवेशनको आवश्यक तयारी गर्न गाउँ सभा सचिवालय लाई निर्देशन दिने निर्णय गरियो । गाउँ सभामा सभा सदस्य र कर्मचारीहरुको लागी राम्रो झोला वितरण गर्न खरिदको प्रक्रिया अगाडी वढाउन निर्देशन दिने निर्णय गरियो ।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा भिमाद-डेड गाउँ- आरुङ खोला सडक NH68 राष्ट्रिय राजमार्ग को मित्याल - आरुङ खोला सडक खण्ड अन्तरगत निस्दी गाउँपालिका वडा नं ४ मित्यालको खण्डमा संघिय सरकार संगको समपुरक आयोजना संचालन गरी सडक स्तरोन्नती गर्न सम्वन्धित निकाय संग चेनेज सहितको अनुमति माग गर्ने सर्वसम्मत निर्णय गरियो ।

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा देहाय अनुसार निर्णय गरियो ।

क) यस कार्यालय बाट विभिन्न मितिमा सरुवा भई जानुभएका कर्मचारीहरुले गर्दै आएको कामकाजको व्यवस्थापन गर्ने जिम्मा प्रमुख प्रशासकिय अधिकृत ज्यू लाई दिईयो ।

ख) आ.व २०८२/०८३ को संघिय विशेष अनुदान तथा प्रदेश विशेष अनुदानको कार्यक्रम स्थायी टनेल निर्माण र सरसफाई अभियान संचालनको प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

ग) आ.व २०८२/०८३ को बार्षिक स्वीकृत कार्यक्रम जनपरिचालनमा आधारित विकास कार्यक्रम रु २८ लाखको लागी प्रत्येक वडा बाट सम्भावनाको क्षेत्र कृषि उपज उत्पादन संग सम्वन्धित कार्यक्रम माग पेश गर्ने निर्णय गरियो ।